बैठक संख्या: १०८
मिति:२०८२/०६/१०
समय: बिहान ११ बजे
स्थान: खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय

आज मिति २०८२/०६/१० गते शुक्रबारको दिन बिहान ११ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतमा कार्यपालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री ङिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | |

***निर्णयहरू***

***निर्णय नं. १***

खुम्बु पासाङल्हामु गाउँपालिकाका चालु आ.व. ०८२।०८३ का योजना तथा कार्यक्रमको हाल सम्मको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो। चालु आ.व. मा कार्यान्वयन हुने हाल सम्म सर्भे नभएका योजनाहरू सर्भे गर्ने र २०८२ असोज मसान्त सम्म वडा स्तरीय योजनाको सम्झौता सम्पन्न गर्नका लागि कार्यालयमा निर्देशन दिने।

***निर्णय नं. २***

UNDP नेपालको प्राविधिक सहयोग एवम् हिमालयन ट्रष्ट नेपालको समन्वयमा तयार भई अन्तिम छलफल पछि गाउँपालिकाको कार्यालयमा पेश भएको स्थानीय अनुकुलन योजना (LAPA) स्वीकृत गर्ने।

***निर्णय नं. ३***

चालु आ.व. मा खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. २ लुक्ला र वडा नं. ५ नाम्चेमा UNDP को सहयोगमा निर्माण हुने MRF को लागि चालु आ.व. मा रू १,५०,००,०००।०० (एक करोड पचास लाख) रूपैंया विनियोजन गरिएकोमा प्राविधिकले लागत अनुमान तयार गर्दा रू १,९१,५९,८२७।०० ( एक करोड एकानब्बे लाख उन्साठी हजार आठ सय सत्ताईस) आएको हुँदा विनियोजित बजेट भन्दा बढि आएको रकम रू ४१,५९,८२७।०० ( एकचालिक लाख उनन्साठी हजार आठ सय सत्ताईस) को स्रोत सुनिश्चित गर्ने।

***निर्णय नं. ४***

खुम्बु पासाङल्हामु गाउँपालिकाका सञ्चालित सामुदायिक विद्यालयमा नेपाल सरकारको शिक्षा नियमावली, २०५९ को नियम ९३ तथा खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा नियमावली, २०८२ (पहिलो संसोधन सहित) को नियम ५१ (२) मा भएको व्यवस्था अनुसार प्रधानाध्यापक नियुक्तीका लागि सिफारिस गर्नका लागि मिति २०८२ भाद्र महिनाको मसान्तसम्म समय निर्धारण गरी पत्राचार गरिएकोमा निर्धारित समयमा विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित प्रधानाध्यापक पदमा नियुक्तीका लागि सिफारिस गरेको हुँदा देहाय अनुसारका शिक्षकलाई प्रधानाध्यापक पदमा नियुक्ती गर्ने।

| क्र.सं. | विद्यालयको नाम | सिफारिस भएको शिक्षकको नाम | तह |
|---|---|---|---|
| १ | श्री खरिखोला मा.वि. | श्री सागर तामाङ | माध्यमिक तृतिय |
| २ | श्री बुक्सा आ.वि. | श्री पवित्रा बस्नेत | प्रा वि तृतिय |
| ३ | श्री मेरा आ.वि. | श्री विष्णु माया मगर | प्रावि/राहत |
| ४ | श्री पाङकोनिजा आ.वि. | श्री डिल्ली प्रसाद भट्टराई | प्रावि/तृतिय |
| ५ | श्री नौलेख आ.वि. | श्री राम सुलोचन यादव | प्रावि/तृतिय |
| ६ | श्री सगरमाथा आ.वि. | श्री कुमार राई | प्रावि/द्वितिय |
| ७ | श्री लुक्ला आ.वि. | श्री सुविन राई | प्रा.वि/तृतिय |
| ८ | श्री महेन्द्र ज्योति मा.वि. | श्री भिम कुमार राई | माध्यमिक/तृतिय |
| ९ | श्री पेमाछोलिङ आ.वि. | श्री सपना राई | प्रावि/तृतिय |
| ११ | श्री युवा वर्ष आ.वि. | श्री गोकर्ण राई | प्रावि/द्वितिय |
| १२ | श्री हिमालय आ.वि. | श्री विकुमार विश्वकर्मा | प्रावि/तृतिय |
| १४ | श्री खुम्जुङ मा.वि. | श्री इश्वर नाछिरिङ | माध्यमिक/तृतिय |

प्र अ नियुक्तीका लागि सिफारिस नगर्ने श्री जनसेवा आ.वि. गुमेला र श्री थामे आ.वि.लाई पुन एक हप्ताको समय राखी पत्राचार गर्ने ।

***निर्णय नं. ५***

विविध

क) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ मा कार्यालय रहने गरी खुम्बु पासाङल्हामु गाउँपालिकाको घ वर्गको निर्माण निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्याविधि, २०८० मा भएको व्यवस्था

अनुसारका कागजात सहित पालदुरचे कन्स्ट्राक्सन सप्लायर्स एण्ड ईन्टरप्राइजेज प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने।

ख) खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी चौंरीखर्कमा स्थायी दरबन्दी भई हाल गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत अर्थीमाया तामाङले असाधारण बिदा माग गरी निवेदन पेश गर्नु भएकोमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२१ (१) बमोजिम १ वर्षको लागि असाधारण बिदा स्विकृत गर्ने।

ग) खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी चौंरीखर्कमा स्थायी दरबन्दी भई हाल खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १ बुक्सा स्थित सगरमाथा क्लिनिकमा कार्यारत अनमी रोजिना चौधरीले सरुवा सहमति माग गरी निवेदन पेस गरेमा मा सेवा स्थायी अवधि दुई वर्ष नपुगेको हुँदा हाललाई निजलाई सरुवा सहमति प्रदान नगर्ने ।

घ) खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ थामेमा गत वर्ष आएको बाढीले क्षति भएको स्थानमा पुन यस वर्ष पनि क्षति पुगेको हुँदा क्षतिग्रस्त स्थानमा रहेका आवासको पुनर्निर्माण पुनर्स्थापनाका लागि राष्ट्रिय विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) लाई अनुरोध गर्ने।

ङ) मिति २०८१/१०/१९ गते आएको भिषण हावाहुरीका कारण यस खुम्बु पासाङल्हामु गाउँपालिकाको वडा नं. ५ को नाम्चे, थामे, लुङदेन लगायत स्थानमा निम्न उल्लेखित व्यक्तिहरुको घरमा क्षति पुगेको हुदाँ सम्बन्धित व्यक्तिहरुको नामावली वडा कार्यालयबाट समेत सिफारिस भै आएकोले उपलब्ध आवश्यक कागजात तथा प्रमाण र मिति २०८३/०३/११ गते बसेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयको आधारमा देहाय अनुसार राहत रकम उपलब्ध गराउने।

तपसिल

| क्र.सं. | व्यक्तिको नाम | राहत रकमको अवस्था |
|---|---|---|
| १ | आङ मिङमा शेर्पा | १,५०,००० (आंशिक क्षति) |
| २ | लामाकाजी शेर्पा | १५,००० (सामान्य क्षति) |
| ३ | निमा तेन्जिङ शेर्पा | १,५०,००० (आंशिक क्षति) |
| ४ | थामे देक्षेन क्षोखोलिङ गुम्बा | १५,००० (सामान्य क्षति) |
| ५ | फुरा नुरु शेर्पा | १०,००० (बिशेष क्षति) |
| ६ | पेम्बा दिकी शेर्पा | १०,००० (बिशेष क्षति) |